# शिवसताक्षी नगरपालिका

# स्थानीय राजपत्र

**खण्ड ६) झापा, फाल्गुन ०८ गते, २०७९ साल (संख्या २**

**भाग २**

## कर्मचारी सम्मान तथा पुरस्कृत मापदण्ड,२०७९

नगरकार्यपालिकाबाट स्वीकृत मितिः २०७९-११-०८
प्रमाणिकरण मितिः २०७९-११-०८

### १ प्रस्तावनाः-

शिवसताक्षी नगरपालिकाबाट प्रदान गरिने सेवालाई नियम, कानुनको परिधि भित्र रही सेवाग्राही मैत्री, समयानुकुल प्रविधि मैत्री बनाई कार्यालयको कार्यसम्पादनमा उत्कृष्टता प्रादन गर्न कर्मचारीहरुलाई दक्ष, ईमान्दार तथा अनुशासित हुन प्रेरित गर्नु कार्यालयको तर्फबाट हौसला र उत्प्रेरीत गर्ने मौजुदा ऐन नियममा ब्यवस्था भईआएको छ । सोही अवस्थालाई मध्यनजर राख्दै शिवसताक्षी नगरपालिका,नगर कार्यपालिकाको १०औ नगरसभाको सार्वजनिक सेवा तथा क्षमता विकास नीतिमा समेत मापदण्ड बनाई दक्ष, इमान्दार तथा अनुशासित कर्मचारीलाई पुरस्कृत गर्ने ब्यवस्था रहेको छ ।

उक्त नीति अनुसार यस नगरपालिका अन्तर्गत कार्यरत नगरपलिका कार्यालय, वडा कार्यालयहरु तथा स्वास्थ्य कार्यालयहरुमा कार्यरत सवै कर्मचारीहरु (स्थायी/करार) मध्येवाट कर्मचारी सम्मान

सिफारिस समितिबाट सिफारिस भएका कर्मचारीलाई सम्मान तथा पुरस्कृत गर्ने मापदण्ड तयार गर्न बाञ्छनिय भएकोले ,

शिवसताक्षी नगरपालिकाले देहायको मापदण्ड बनाएको छ ।

## परिच्छेद १(एक)

## प्रारम्भिक

२ संक्षिप्त नाम र प्रारम्भ-

१) यस मापदण्डको नाम —कर्मचारी सम्मान तथा पुरस्कृत सम्बन्धी मापदण्ड,२०७९ रहेको छ ।

२) यो मापदण्ड नगरपालिका, नगर कार्यपालिकाको निर्णय अनुसार तत्काल लागु हुनेछ ।

३ परिभाषा — बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा ,

१) "कर्मचारी" भन्नाले शिवसताक्षी नगरपालिका अन्तर्गतका कार्यालयहरु ( शिवसताक्षी नगरपालिकाको कार्यालय, वडा समितिको कार्यालयहरु र स्वास्थ्य कार्यालयहरु (नगर अस्पताल /प्राथमिक स्वास्थ्य केन्द्र /स्वास्थ्य चौकी /आधारभुत स्वास्थ्य केन्द्र /शहरी स्वास्थ्य इकाई /आयुर्वेद औषधालय) मा कार्यरत कर्मचारीहरु सम्झनुपर्छ ।

२) "प्रमुख" भन्नाले शिवसताक्षी नगरपालिका,नगर कार्यपलिकाका प्रमुख सम्झनुपर्छ ।

३) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले शिवसताक्षी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

४) "आर्थिक प्रशासन शाखा प्रमुख " भन्नाले शिवसताक्षी नगरपालिकाको लेखा शाखा प्रमुख वा लेखा शाखाको प्रमुख भई कामकाज गर्न तोकिएको कर्मचारी सम्झनुपर्छ ।

५) "प्रशासन शाखा प्रमुख " भन्नाले शिवसताक्षी नगरपालिकाको कर्मचारी प्रशसन शाखा प्रमुख वा प्रशासन शाखाको प्रमुख भई कामकाज गर्न तोकिएको कर्मचारी सम्झनुपर्छ ।

परिच्छेद -२(दुई)

मापदण्ड तयार गर्नुको उदेश्य

**४ उदेश्य -**

यस मापदण्डको दफा ३ दफाको उपदफा १ बमोजिमका कर्मचारीहरुको कार्यसम्पादनस्तर बृद्धिका लागि हौसला प्रादन गर्न ,उत्प्रेरणा प्रदान गर्न र काममा प्रतिष्पर्धी बनाउने उदेश्य रहेको छ ।

परिच्छेद -३(तीन)

सम्मान र पुरस्कृत गर्न छनौट सम्बन्धी ब्यवस्था

**५ छनौटका आधार -**

**क) कार्यसम्पादन मुल्याँकन ।**

१) बार्षिक/अर्धबार्षिक कार्यसम्पादन मुल्याँकनमा ९५% प्रतिशत माथी अंक प्राप्त गरेको -३

२) बार्षिक/अर्धबार्षिक कार्यसम्पादन मुल्याँकनमा ७५% माथी ९५% प्रतिशत सम्म अंक प्राप्त गरेको -२

३) बुँदा नं १ र २ भन्दा कम प्राप्त गरेको -०

**ख) अनुशासन,आचरण,शिष्टाचार र आज्ञापालन ।**

१) आफूभन्दा माथिल्लो तहका पदाधिकारीले दिएको आज्ञा पालना गर्ने गरेको -२

२) तोकिएको पोशाक लगाउने गरेको -२

३) कर्मचारीले पालना गर्नुपर्ने आचरण पालना गरेको -२

**ग) समयपालना र नियमितता ।**

१) तोकिएको समयमा कार्यालयमा उपस्थित हुने र समय सम्म रहने गरेको — २

२) विना जानकारी कार्यालयमा अनुपस्थित हुने नगरेको -२

३) नियमित कार्यालय उपस्थित हुने गरेको -२

**घ) विषयबस्तुको ज्ञान तथा सिप ।**

१) कामसंग सम्बन्धित विषयको आधारभुत ज्ञान भएको — २

२) कामसंग सम्बन्धित विषयमा आधरभुत कानुनी ज्ञान भएको -२

३) विषय बस्तुका लागि आधारभुत सिप र सिप प्रयोगको क्षमता भएको -२

**ङ) सरोकारवालासंगको ब्यवहार ।**

१) सेवाग्राहीसंगको ब्यवहार मित्रवत रहेको — २

२) मुस्कान सहितको ब्यवहार भएको -२

३) आफू भन्दा माथी, आफु सरह र आफूभन्दा मुनीका कर्मचारीहरुसंगको ब्यवहार मित्रवत रहेको -२

**च) सेवा प्रतिको निष्ठा, लगाव, समर्पण र नतिजा ।**

१) कार्यालयको कामलाई मुल प्राथमिकतामा राख्ने गरेको — २

२) दिएको काम समयमै सम्पन्न गर्ने गरेको -२

३) कार्य सम्पन्न पछीको नतिजा -२

## परिच्छेद -४(चार)

## मुल्याँकन प्रकृया छनौट सम्बन्धी ब्यवस्था

**६ छनौट तथा सिफारिस समिति -**

यस मापदण्डको प्रस्तावना तथा उदेश्य अनुसारको कार्यका लागि मापदण्डको दफा ५ बमोजिमका आधारमा ९५ % भन्दा माथी अंक प्राप्त गर्ने मध्ये १ जना र ९० % भन्दा माथी र ९५ % भन्दा कम अंक प्राप्त गर्ने मध्येबाट बढिमा ५ जना कर्मचारीहरुलाई वर्षमा १(एक) पटक (नगरसभा वा कुनै विशेष अवसरमा) सम्मान तथा पुरस्कृत गर्ने कार्यका लागि देहाय अनुसारको छनौट तथा सिफारिस समिति रहने छ ।

देहाय

१.प्रमुख प्रशासकीय अधिकृत —संयोजक

२.आर्थिक प्रशासन शाखा प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृत- सदस्य

३.प्रशासन शाखा प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृत - सदस्य

**७ पुरस्कृत -**

१.दफा ६ बमोजिमको समितिबाट सिफारिस भई आएका कर्मचारीहरुलाई नगर प्रमुखस्तरको निर्णयबाट सम्मान र पुरस्कृत गरिनेछ ।

**८ सम्मान र पुरस्कार राशी**

१.दफा ६ बमोजिमको समितिले १ (एक) जना सर्वोत्कृष्ठ र ५(पाँच) जना उत्कृष्ठ हुने गरि सिफारिस गर्नु पर्नेछ ।

२.सर्वोत्कृष्ठ कर्मचारीलाई रु १०,०००। —(दश हजार) र उत्कृष्ठ कर्मचारीहरुलाई रु ७०००।—(सात हजार) कादरले नगद पुरस्कार र सम्मान पत्रले सम्मानीत गरिनेछ ।

**आज्ञाले**

**अमृत बहादुर राई**

**प्रमुख प्रशासकीय अधिकृत**